# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः २१** **मितिः २०८०।०९।२९**


भाग-२

## प्रसौनी गाउँपालिका

### वैवाहिक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** प्रसौनी गाउँपालिकाको आ.व. २०८०/०८०१ को बजेट बैवाहिक सहयोग कार्यक्रम सञ्चालनको लागि प्रसौनी गा.पा. को प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ दफा ४ बमोजिम बनाउन वाञ्छनिय रहेको छ ।

**१ सक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम वैवाहिक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७९ हुनेछ ।

ख) यो कार्यविधि मिति २०८० पौष २९ गते देखि लागु हुनेछ ।

## २ वैवाहिक सहयोग कार्यक्रम

क) कार्यक्रमः "कार्यक्रम" भन्नाले वैवाहिक सहयोग कार्यक्रमलाई बुझाइनेछ ।

ख) विवाहः २० वर्ष पुरा भई प्रसौनी गा.पा. अन्तर्गतको मा.वि बाट १२ कक्षा पास गरेकी चेलीको सामाजिक परम्परा अनुसारको विवाहलाई सम्झनुपर्दछ।

ग) सहयोगः विवाह गरिदिने परिवारलाई प्रति परिवार रु. १०,००० रकमको सहयोग गरिनेछ।

घ) सहयोग लिन आवश्यक कागजातहरु वैवाहिक सहयोग कार्यक्रम अन्तर्गत सहयोग लिन देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

- वैवाहिक सहयोग कार्यक्रमको सहयोग पाउन अनुसुचि-१ बमोजिमको ढाँचामा निवेदन
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- विवाह भएकी छोरीको जन्मदर्ता वा नागरिकताको फोटोकपी
- विवाह भएकी छोरीले १२ कक्षा पास गरेको प्रमाणपत्रको फोटोकपी
- दुलहा तर्फबाट विवाह दर्ता को प्रमाणपत्रको फोटोकपी (विवाह दर्ता विवाह भएको ३५ दिन भित्र भएको हुनुपर्छ)
- सहयोग पाउने अभिभावकको नाउँमा हिमालयन बैंकको खाता नं.
- प्रमाणित फोटोहरु

## ३ संशोधनः

यस कार्यविधिको पुरै वा केही अंश गाउँ कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ ।

अनुसुचि १

वैवाहिक सहयोग कार्यक्रमको सहयोग पाउनका लागि दिने निवेदनको ढाँचा

श्रीमान गाउँपालिका अध्यक्ष ज्यू,
प्रसौनी गाउँपालिका, नुवाकोट ।
मार्फत श्रीमान वडाअध्यक्ष ज्यू,
नं. वडा कार्यालय प्रसौनी गाउँपालिका, नुवाकोट ।

विषयः वैवाहिक सहयोग कार्यक्रमको सहयोग पाउन निवेदन।

प्रस्तुत विषयमा जिल्ला नुवाकोट प्रसौनी गाउँपालिका वडा नं. को नाति को छोरा म ....... मा बस्ने ..................आफ्नी छोरी लाई ...............उमेरमा कक्षा पुरा ढाई विवाह गरिदिएको हुँदा तहाँ पालिकाले यस आ.व. मा वैवाहिक सहयोग कार्यक्रम राखिएको ट सहयोग पाउन यो निवेदन साथ आवश्यक कागजातहरु संलग्न राखी अनुरोध गर्दछु। साथै परी बिस वर्ष पुगी १२ कक्षा पुरा पढाई विवाह गरिने घर परिवारलाई वैवाहिक सहयोग गर्नुभएकोमा शेष धन्यवाद ।

----------------
निवेदक
नाम थरः
ठेगानाः
ना.प्र.नं.

गाउँ सभाबाट अनुमोदन मितिः- २०८०।०९।२९
प्रमाणिकरण मितिः- २०८०।०९।२९

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत